राष्ट्र र जनताप्रति प्रतिबद्ध

# द पब्लिक टुडे

www.thepublictoday.com

The Public Today National Daily


राष्ट्रिय दैनिक

वर्ष १० | अंक २६५ | २०८० जेठ २६ गते शुक्रवार | (Friday, 9 June, 2023) | पृष्ठ ४+४ | मुल्य रु. ५

### उच्च अदालतले दिएन अन्तरिम आदेश

# पालिकाले गरेको शिक्षकको काज सरुवा सदर





हुँदा यस अदालतबाट मिति २०८०।२।१२ मा जारी अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिन मिलेन। नियमानुसार गर्नु।

न्यायाधीश

इति सम्वत् २०८० साल जेष्ठ २५ गते रोज ५ शुभम्.........

न्यायाधीश

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, जेठ २५ गते ।**
शिक्षक सरुवाको विषयमा महोत्तरीको गौशाला नगरपालिकाविरुद्ध परेको रिटमा उच्च अदालत जनकपुरले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । बिहिवार उच्च अदालत जनकपुरका न्यायाधीशद्वय डालकुमार खड्का र सागर विष्टको संयुक्त इजलासले यसअघिको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिन नसकिने समेत निर्णय सुनाएको हो ।

अदालतले गौशाला नगरपालिकाको कार्यविधिमा शिक्षक कर्मचारीहरुलाई सरुवा गर्न सक्ने र कामकाजमा खटाउन सक्ने व्यवस्था रहेको पनि ठहर गरेको छ । 'गौशाला नगरपालिकाले शिक्षकहरुलाई कामकाजमा खटाएको व्यहोरा र नगरपालिकाको मिति २०८०/०२/०१ गतेको निर्णय व्यहोरामा शिक्षकहरुलाई गौशाला नगरपालिका विद्यालय शिक्षा संचालन व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि, २०७५ को दफा २० को ष एंव गौशाला नगरपालिकाको शिक्षक व्यवस्थापन तथा विषयगत दरबन्दी मिलान कार्यविधि, २०८० को परिच्छेद ४ को ४.४ बमोजिम निवेदकहरूलाई कामकाजमा खटाएको भन्ने उल्लेख भएको पाइन्छ,' न्यायाधीशद्वयको संयुक्त इजलासले गरेको निर्णयमा भनिएको छ 'नगरपालिकाले गरेको निर्णय तथा शिक्षकहरुलाई दिएको पत्र दुवैमा उल्लेख भएको नगरपालिकाको कार्यविधिहरूमा शिक्षक कर्मचारीहरुलाई सरुवा गर्न सक्ने र कामकाजमा खटाउन सक्ने व्यवस्था रहेको पाइन्छ ।'

गौशाला नगरपालिकाले संविधान र ऐन बमोजिम जारी गरेको उल्लेखित कार्यविधिहरू बहाल रहेको र आफैले जारी गरेको कार्यविधि बमोजिम शिक्षकहरुलाई कामकाजमा खटाएको विषयलाई लिएर अन्यथा हो भनी अहिले नै निवेदन दावी बमोजिम अन्तरिम आदेश जारी गर्नु पर्ने सम्मको अवस्था विद्यमान नदेखिएको निर्णय अदालतले सुनाएको हो ।

शिक्षक काज सरुवाको प्रक्रिया अवैध भएको भन्दै नेपाल शिक्षक महासंघ गौशाला नगर कार्यसमितिका अध्यक्ष नकुल उप्रेतीले गौशाला नगरपालिकालाई विपक्षी बनाएर उच्च अदालत जनकपुरमा उत्प्रेषण परमादेश रिट दर्ता गराएका थिए । उक्त रिटमा न्यायाधिश सागर विष्टको एकल इजालसले गत शुक्रवार शिक्षक काज सरुवाको निर्णयलाई तत्काल यथास्थितीमा राख्न नगरपालिकाको नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको थियो ।

तर, बिहिवार उच्च अदालत जनकपुरका न्यायाधीशद्वय खड्का र विष्टको संयुक्त इजलासले प्रारम्भिक फैसला गर्दै भनेका छन् 'निवेदक शिक्षकले निवेदनमा उठाएका विषय वस्तुहरु प्रस्तुत रिट निवेदनको अन्तिम निर्णय हुँदाको बखत नै सम्बोधन हुने हुँदा अदालतबाट २०८०/०२/१२ मा जारी अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिन मिलेन । नियमानुसार गर्नु ।'

बिहिवार निवेदक शिक्षकहरुको तर्फबाट अधिवक्ताद्वय उमेश पंजियार र दिपेन्द्र कुमार साह तथा नगरपालिकाको तर्फबाट वरिष्ठ अधिवक्ता चन्द्र कुमार शर्मा तथा अधिवक्ताद्वय विजय ठाकुर र सुदिप कोइरालाले बहस गरेका थिए ।

शिक्षक प्रत्यक्ष रुपमा राजनीतिमा उत्रिएपछि क्रमिक रुपमा यहाँका शैक्षिकस्तर कमजोर हुँदै गएको भन्दै गौशाला नगरपालिकाका मेयर डा. दिपेन्द्र महतोले एकैपटक ९९ जना शिक्षकको काज सरुवा गरेका थिए । वर्षौंदेखि यहाँ शिक्षक सरुवा नहुँदा सामुदायिक विद्यालयको पठनपाठन प्रभावित हुँदै आएपछि विषयगत मिलान गर्दै नगरभरिमा सरुवा गरिएको मेयर महतोले दावी गर्दै आएका छन् ।

## मानसिक रोगीलाई हेला नगरौं

सामान्यतया मानव मस्तिष्कले गर्ने विभिन्न कार्यहरु बोली, चेतना, भावना, विचार, स्मृति, स्मरण शक्ति आदि कार्यमा गडबडी हुनु नै मानसिक समस्या हो । उदासीपना, बिर्सिने बानी, मन आत्तिनु, ढुकढुक हुनु, आत्मबल घट्दै जानु, शंकाहरु बढ्दै जानु, चिडचिडाहट हुनु जस्ता लक्षणहरु लगातार दुई हप्ताभन्दा बढी समयसम्म देखिएमा मानसिक रोग लागेको बुझ्नु पर्दछ ।

यसबाट जोगिन नियमित व्यायाम गर्ने, मनमा कुरा नखेलाउने, एक्लै नबस्ने, साथीभाइ र परिवारसँग रमाउने, गीत संगीतमा मग्न हुने, प्राकृतिक तथा सात्विक खानपान गर्ने, सकारात्मक ऊर्जा दिन सफलता, खुशी, शान्तिजस्ता कुराको कल्पना गर्नुपर्छ । चिकित्सक र मनोविद्को परामर्श तथा आवश्यक्ता अनुसारको औषधी सेवनले मानसिक समस्या समाधान गर्न सकिन्छ ।

मानसिक समस्या भएका व्यक्तिलाई आफन्त, घरपरिवार र साथीभाइले सम्मान तथा प्रोत्साहन गरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## घातक विषादीको प्रयोग नगरौं

- विषादीको प्रयोगले क्यान्सर, मस्तिष्कसम्बन्धी रोग, छालाको एलर्जी, आँखा पोल्ने रिंगटा लाग्ने, टाउका तथा शरीर दुख्न जस्ता समस्याहरु देखिन सक्दछन् ।
- विषादीको जथाभावी प्रयोगले मानिसको प्रजनन क्षमतामा समेत ह्रास आउन सक्छ ।
- विषादीले पर्यावरणीय असन्तुलन निम्त्याउँदछ ।
- माटोको उर्वराशक्तिमा ह्रास भई समग्र उत्पादकत्वमा ह्रास ल्याउँदछ ।

त्यसैले,
कृषि उत्पादनमा हानीकारक विषादीको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग ग, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय.............

# सर्वसाधारणको जीवन सहज बनाऊ

संघीय सरकारले आव २०८०/०८१ का लागि प्रस्तुत गरेको बजेट सर्वसाधारणको हितमा नभएको संसद्देखि घरआँगनसम्ममा चर्चाबहस सुरु भएको छ । आलु, प्याजलगायत विदेशबाट आयात हुने फलफूलसमेतमा कर बढाउने बजेटले भान्सा झनै महँगिने र यसले खासमा न्यून आम्दानी भएकाको जीवन थप कष्टकर हुने चिन्तामा बजेट सर्वसाधारणको हितमा नभएको चर्चा र बहस सुरु भएको हो ।

तरकारी एवं फलफूलमा आत्मनिर्भर भइसकेको बेला घरेलु उत्पादनलाई संरक्षण गर्न कर बढाउनुलाई राम्रै भन्न सकिन्थ्यो । तर उत्पादन थोरै अनि आवश्यकता धान्न आयात गर्नुपर्ने अवस्थामा रहिरहेको बेला कर बढाउनु सरकारको निर्णय प्रक्रियामा अदुरदर्शीता र हचुवापन स्पष्ट देखिन्छ । दैनन्दिनको आवश्यकता धान्न आयात गर्नुपर्ने वस्तुमा कर बढाउनुको प्रत्यक्ष असर हुँदाखाने र कम आम्दानीका मानिसलाई हुन्छ । कम आम्दानीले उनीहरुको क्रयशक्ति त्यसै पनि कमजोर हुन्छ, त्यसमाथि दैनिक उपभोग्य वस्तुहरुमा कर बढ्दा झनै कमजोर हुन्छ । यसले उनीहरुले यसअघि जेनतेन चलाइरहेको घरव्यवहारलाई थप समस्यामा पार्नेछ । हुनेखानेलाई यसले खासै समस्या त नपर्ला तर ज्याला मजदुरीलगायत सामान्य जागिर खानेको जीवन अब थप कष्टकर हुने निश्चित छ ।


कर बढाउनुको अर्को पाटोमा विचार गर्दा सरकारले उत्पादन बढाएर घरेलु तरकारी उत्पादहरुमा आत्मनिर्भर बन्ने उद्देश्य लिएको देखिन्छ । यही उद्देश्यले कर बढाएको हो भने सरकारले उत्पादन बढाउन तत्काल सो अनुकूलको योजना तथा कार्यक्रम तर्जुमा गरेर कार्यान्वयनमा ल्याउनुपर्छ । घरेलु उत्पादन बढाउन सक्ने हो भने सामान्य प्रविधि र बिउ प्रयोग गरेर उत्पादन गर्न सकिने बालीमा समेत ध्यान पुर्‍याउन नसक्ने सरकारले आयात रोक्न भन्दै कर बढाउने निर्णय गर्नु भनेको सर्वसाधारणको दैनन्दिनको जीवनलाई थप कष्टकर बनाउनुबाहेक केही होइन भन्ने आलोचकहरुलाई सरकारको तर्फबाट गतिलो जवाफ हुनेछ । त्यसरी जवाफ दिन र सर्वसाधारणको जीवन सहज बनाउन सरकार सक्षम हुनेछ, आशा गरौं ।

## राशिफल

मेष – फाइदा उठाउन सकिनेछ ।
वृष – उचित मूल्य पाइनेछ ।
मिथुन – उपलब्धि हातलागी हुनेछ ।
कर्कट – फड्को मार्ने समय छ ।
सिंह – प्रेमको बन्धन कसिनेछ ।
कन्या – सजग रहनुहोला ।
तुला – काम रोकिन सक्छ ।
वृश्चिक – उपयोग भइनेछ ।
धनु – धेरै श्रम गर्नुपर्ला ।
मकर – आफन्तजन टाढिन सक्छन् ।
कुम्भ – प्रयत्न गर्नुपर्ला ।
मिन – भविष्यको बाटो समाउनेछ ।

## मधेसी दलका सदाबहार अध्यक्ष :

# उपेन्द्र २६ र महन्थ १६ वर्षदेखि नेतृत्वमा



**काठमाडौं, जेठ २५ गते ।**

नेकपा एमालेमा ७० वर्ष उमेर हद हटाउने निर्णय भएसँगै सबै पार्टीमा उमेर हदको चर्चा सुरु भएको छ । तराई केन्द्रित दल जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालमा पनि उमेर हदको चर्चा सुरु भएको छ ।

जसपाका अध्यक्ष उपेन्द्र यादव २६ वर्षदेखि पार्टीको (फोरम सामाजिक संस्थाको रुपमा गठन भएदेखि) अध्यक्षमा विराजमान छन् भने लोसपाका अध्यक्ष महन्थ ठाकुर १६ वर्षदेखि निरन्तर नेतृत्वमा छन् ।

यद्यपि जसपाले आफ्नो विधान संशोधन गरेर ७० वर्ष उमेर पूरा भएको व्यक्ति केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समितिको पदाधिकारी वा सदस्यमा निर्वाचित हुन वा बस्न नपाउने व्यवस्था गर्न लागेको छ ।

कांग्रेस, एमाले, राप्रपालगायत अन्य दलमा पटक पटक नेतृत्व फेरिएका छन् । जसपा र लोसपा गठन भएदेखि सो पार्टीमा नेतृत्व परिवर्तन भएको छैन । २०५४ सालमा उपेन्द्र यादवको नेतृत्वमा सामाजिक संस्थाको रुपमा मधेशी जनअधिकार फोरम गठन भएको थियो । पछि त्यही फोरमलाई २०६४ मा पार्टी बनाइएको हो ।

मधेशी जनअधिकार फोरम नेपाल पार्टीको रुपमा आएपछि २०६५ मा पहिलो महाधिवेशन भएको थियो । त्यस यता उपेन्द्र यादवले महाधिवेशनको सामना गरेका छैनन् । मधेशी जनअधिकार फोरमबाट संघीय समाजवादी फोरम नेपाल, समाजवादी पार्टी हुँदै जसपा नेपाल बने पनि हालसम्म न महाधिवेशन भएको छ, न नेतृत्व फेरिएको छ ।

मधेशी जनअधिकार फोरम पार्टीको रुपमा गठन भएको १६ वर्ष भइसक्यो तर महाधिवेशन गराउन सकेको छैन । यो बीचमा विभिन्न दलसँग एकीकरण गरेर जसपा गठन भयो । पार्टी एकीकरणकै नाममा नेतृत्वले पार्टीको महाधिवेशन टार्दै आएको छ । जति पटक पार्टी एकीकरण भयो, एकता महाधिवेशन गर्ने भनियो तर पटकपटक मिति तय भए पनि तोकिएको मितिमा कहिल्यै महाधिवेशन भएन ।

जसपाका एक जना कार्यकारिणी सदस्यले भने, 'उपेन्द्र यादवले आफूलाई सुरक्षित नदेखेसम्म महाधिवेशन हुँदैन, महाधिवेशन भयो भने उपेन्द्र यादवको विरुद्धमा उम्मेदवारी पर्छ र त्यसलाई थेग्न उहाँलाई गाह्रो हुन्छ । त्यही भएर आफ्नो अनुकुल नभएसम्म उहाँले महाधिवेशन गराउनु हुन्न ।'

अहिले फेरि नेकपा एकीकृत समाजवादी पार्टीलगायत विभिन्न दलसँग जसपाको एकताका लागि पहल भइरहेको छ । एकता भयो भने पुनः महाधिवेशन तोकिएको समयमा नहुने निश्चित छ ।

### सिनियरलाई आउट

राजनीतिमा उपेन्द्र यादवभन्दा अशोक राई निकै सिनियर नेता हुन् । तर राई नेतृत्वको तत्कालीन संघीय समाजवादी पार्टीसँग एकीकरण गर्दा उनलाई वरिष्ठ नेतामै थन्क्याएर राखियो । डा.बाबुराम भट्टराई पनि उपेन्द्र यादवभन्दा सिनियर नेता हुन् तर उनीसँग पनि एकीकरण गर्दा संघीय परिषद्को अध्यक्षमा सीमित राखियो । महन्थ ठाकुरभन्दा उपेन्द्र यादव जुनियर नेता हुन् तर पार्टी एकीकरण गर्दा उपेन्द्रले महन्थलाई अध्यक्ष स्वीकार गर्न सकेनन् । दुई अध्यक्ष प्रणालीमा पार्टी बनाए । पछि आफूमाथि खतरा देखेपछि महन्थ ठाकुरलाई पार्टीबाट अलग गरे ।

लोसपाका एक नेताले भने, 'त्यतिबेला जसपामा दुई जना अध्यक्ष भए पनि उपेन्द्र यादवले एकलौटी रुपमा पार्टी चलाउन चाहेका थिए, त्यसमा महन्थ ठाकुरले ब्रेक लगाएपछि षड्यन्त्रपूर्वक पार्टीबाट निकाल्नुभयो ।'

त्यतिमात्र होइन, डा.बाबुराम भट्टराईले महन्थ ठाकुर गइसकेपछि त्यो ठाउँमा अर्को अध्यक्ष चयन गर्न पार्टीमा प्रस्ताव लगे । यो कुरा पटकपटक उनले पार्टीमा उठाए तर उपेन्द्र यादवलाई अपाच्य भयो । षड्यन्त्र गरेर जसपाबाट बाबुरामलाई पनि अलग गरे ।

पछि अशोक राईले पनि अध्यक्षको चाहना राखेका थिए । तर उनलाई संघीय परिषद्को अध्यक्ष र शिक्षा मन्त्री बनाएपछि उनको मुख पनि बन्द भएको छ । अर्थात् उपेन्द्रले आफू पार्टीको नेतृत्वमा रहन महाधिवेशन टार्दै जानुका साथै जो जसले अध्यक्षका लागि दाबी गरे, तिनलाई पार्टीबाटै कारवाही गरेर निकालेको सोही पार्टीका नेताहरु बताउँछन् ।

### कहिले होला महाधिवेशन ?

असार १० गतेदेखि जसपाको विधान अधिवेशन गर्ने मिति तय भइसकेको छ । अधिवेशनको तयारीमा पार्टी लागेको छ । विधान अधिवेशनबाटै महाधिवेशनको मिति तय गर्ने तयारी रहेको जसपाले जनाएको छ । जसपाका कार्यकारिणी सदस्य रकम चेम्जोङले विधान अधिवेशनपछि बन्ने विधानको आधारमा महाधिवेशनको मिति तय हुने बताए ।

'विधानले के निर्देश गर्छ, अध्यक्ष पदाधिकारी लगायतको कस्तो व्यवस्था हुन्छ, त्यसका आधारमा नेतृत्वको विषयमा छलफल हुन्छ,' उनले भने । अध्यक्ष उपेन्द्र यादवको विकल्प छैन भन्दा पनि महाधिवेशनले के निर्णय गर्छ त्यसमा भर पर्ने उनको भनाइ छ ।

जसपा नेपालको अन्तरिम विधानमा 'महाधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ तर विशेष कारणवश तोकिएको समयमा हुन नसकेमा अधिकतम ६ महिनासम्म थप गर्न सकिनेछ' उल्लेख छ । यो प्रावधान मधेशी जनअधिकार फोरम, संघीय समाजवादी फोरम नेपाल, समाजवादी पार्टीसम्मको विभिन्न विधानमा उल्लेख हुँदै आएको छ । कुनै विधानमा पाँच वर्ष, कुनैमा तीन वर्षभित्र महाधिवेशन गर्ने उल्लेख थियो तर हालसम्म महाधिवेशन भने हुन सकेन ।

पार्टीहरुसँग एकीकरण गर्दै नयाँ पार्टी र विधान बनाउँदै गएपछि उपेन्द्र यादव नेतृत्वको दल कहिल्यै महाधिवेशनमा जानु परेन । पार्टी एकीकरणपछि एकता महाधिवेशन गर्ने निर्णय पनि हुन्थ्यो, अर्को महाधिवेशन गर्ने बेलासम्म फेरि कुनै दलसँग एकीकरण हुँदा विधान नै हेरफेर भएपछि महाधिवेशन गराउने आवश्यकता नै पर्दैनथ्यो । त्यो क्रम जसपासम्म चल्यो ।

### एकीकरणमै टर्‍यो महाधिवेशन

२०७२ जेठ २२ गते तत्कालीन मधेशी जनअधिकार फोरम नेपाल र अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टी नेपालबीच एकीकरण भइ संघीय समाजवादी फोरम नेपाल बनेको थियो ।

त्यो एकीकरणपछि पार्टीले २०७५ माघ २८ गतेदेखि ३० सम्म जनकपुरमा एकता महाधिवेशन गर्ने निर्णय गरेको थियो तर तोकिएको समयमा महाधिवेशन हुन सकेन । त्यसपछि अर्को मिति २०७६ वैशाखका लागि तय भयो । तर वैशाखमा महाधिवेशन त भएन, वैशाख २३ गते डा.बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिसँग एकीकरण भयो ।

नयाँ शक्तिसँग एकीकरण भएपछि पार्टीको नाम समाजवादी पार्टी नेपाल राखियो । त्यसपछि समाजवादी पार्टी नेपालको पनि एकता महाधिवेशन गर्ने चर्चा पार्टीमा चलायो । महाधिवेशनको चर्चा चलिरहेकै बेला २०७७ वैशाख १० गते तत्कालीन समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टी नेपालबीच एकीकरण भयो । दुई पार्टीबीच एकीकरण गरेर जनता समाजवादी पार्टी नेपाल बन्यो ।

सो पार्टीको अध्यक्षमा उपेन्द्र यादव र महन्थ ठाकुर थिए । सो पार्टी एकीरकणपछि बनेको विधानमा पाँच वर्षमा एकता महाधिवेशन गर्ने उल्लेख थियो । तर महाधिवेशनको चर्चा नहुँदै अध्यक्षद्वय उपेन्द्र यादव र महन्थ ठाकुरबीच खटपट सुरु भयो र पार्टी विभाजन भयो ।

महन्थ ठाकुरले जसपाबाट अलग भएर लोकतान्त्रिक समाजवादी पार्टी नेपाल गठन गरे भने उपेन्द्र यादव जसपा नेपालको अध्यक्ष भएर बसे । अहिले पनि उपेन्द्र यादव अध्यक्ष रहेको जसपाको पुरानै अन्तरिम विधान छ । त्यसलाई संशोधन गर्नका लागि विधान अधिवेशन गर्ने तयारी भइरहेको छ ।

### महन्थ ठाकुर १६ वर्षदेखि अध्यक्ष

कांग्रेस, माओवादी केन्द्र, एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि महाधिवेशन सम्पन्न गरिसकेको छ तर २०६४ मा तमलोपा गठन भएपछि अध्यक्ष बनेका महन्थ ठाकुर हालसम्म महाधिवेशन बिना नै अध्यक्षमै छन् । २०६४ वैशाख १० गते तमलोपा गठन भएको थियो । तमलोपा हुँदै राजपा, जसपा हुँदै अहिले लोसपा बनेको छ ।

तत्कालीन तमलोपाको पहिलो महाधिवेशन २०७३ असार ६ गते नवलपरासीमा भएको थियो । त्यस यता कुनै महाधिवेशन भएको छैन । मधेशी जनअधिकार फोरम नेपालजस्तै अध्यक्ष ठाकुरले पनि विभिन्न दलसँग एकीकरण गर्दै, विधान फेर्दै लोसपासम्म आइपुगेका छन् । १६ वर्षदेखि पार्टीको नेतृत्वमा रहेका उनले अझै नेतृत्व हस्तान्तरण गर्ने छाँटकाँट देखिएको छैन ।

### एकीकरणको शृङ्खला

२०७३ मा महाधिवेशन सम्पन्न गरेको तमलोपाले २०७४ वैशाख ७ गते महिन्द्र राय यादव नेतृत्वको तत्कालीन तराई मधेश सद्भावना पार्टी, शरतसिंह भण्डारी नेतृत्वको तत्कालीन राष्ट्रिय मधेश समाजवादी पार्टी, राजेन्द्र महतो नेतृत्वको तत्कालीन सद्भावना पार्टी, राजकिशोर यादव नेतृत्वको तत्कालीन मधेशी जनअधिकार फोरम नेपाल र अनिल झा नेतृत्वको तत्कालीन संघीय सद्भावना पार्टीसँग एकीकरण गरेर राष्ट्रिय जनता समाजवादी पार्टी नेपाल गठन गरेको थियो ।

सो पार्टीमा महन्थ ठाकुर, राजेन्द्र महतो, शरतसिंह भण्डारी, अनिलकुमार झा, राजकिशोर यादव र महिन्द्र राय यादवसहितको एउटा अध्यक्षमण्डल बनायो । दुई दुई महिनामा अध्यक्षमण्डलको संयोजक रहने चक्रीय प्रणालीमा पार्टी संचालन भयो । चक्रीय प्रणाली भएपछि सबैको सहमतिमा ठाकुर २२ महिनासम्म अध्यक्षमण्डलको संयोजक भएर काम गरे । पछि दुई दुई महिनाको चक्रीय प्रणाली सुरु भएको थियो । तत्कालीन राजपा नेपालको विधान २०७४ मा एक वर्षभित्र महाधिवेशन सम्पन्न गर्ने उल्लेख थियो ।

– बाँकी पृष्ठ ३ मा

# युक्रेन शान्ति वार्ता आयोजना गर्न दक्षिण अफ्रिका तयार : सरकार

**जोहानेसबर्ग, जेठ २५ गते ।** रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले द्वन्द्व अन्त्यका लागि अफ्रिकी नेताहरूको शान्ति अभियानको स्वागत गरेपछि दक्षिण अफ्रिकाले बिहीबार रूस र युक्रेनबीच वार्ता आयोजना गर्न तयार रहेको बताएको छ ।

राष्ट्रपति सिरिल रामाफोसाले गत महिना पुटिन र युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीबीच छ सदस्यीय अफ्रिकी शान्ति टोलीलाई स्वागत गर्न सहमति भएको बताउनु भएको थियो । यो वार्ता यसै महिना सुरू हुने अपेक्षा गरिएको छ ।

राष्ट्रपति कार्यालयका एक मन्त्री खुम्बुद्जो एनतशाभेनीले प्रिटोरियामा पत्रकारहरूसँग भने, "हामीले दक्षिण अफ्रिकाले यहाँ शान्ति शिखर सम्मेलन आयोजना गर्ने सम्भावनालाई ग्रहण गर्नैपर्छ ।"

यसअघि बिहीबार दक्षिण अफ्रिकाको राष्ट्रपतिको कार्यालयले राष्ट्रपति पुटिनसँग रामाफोसाको फोनमा कुराकानी भएको जनाएको थियो । उक्त अवसरमा रूसी नेताले अफ्रिकी राष्ट्रप्रमुखहरूको पहलको स्वागत गर्दै शान्ति अभियानलाई स्वीकार गर्ने इच्छा व्यक्त गरेका बताइएको छ ।

रामाफोसाले गत महिना घोषणा गरेको प्रतिनिधिमण्डलमा कंगो गणतन्त्र, इजिप्ट, सेनेगल, दक्षिण अफ्रिका, युगान्डा र जाम्बियाका राष्ट्रपतिहरू रहेका छन् ।

गहुँ र अन्य कृषिजन्य वस्तुहरूको प्रमुख विश्वव्यापी स्रोत युक्रेनमा रूसले गरेको आक्रमण र विश्व व्यापारमा युद्धको व्यापक प्रभावपछि अफ्रिकी देशहरू अन्नको बढ्दो मूल्य वृद्धिबाट नराम्ररी प्रभावित भएका छन् ।

दक्षिण अफ्रिकाले क्रेमलिनतर्फ ढल्केको आरोप लागेपछि आफ्नो तटस्थताको साखलाई चम्काउन खोजिरहेको बेला शान्तिवार्ताको तयारीबारे जानकारी आएको हो । रासस/एएफपी

# किसानलाई....

"किसान परिचयपत्रले वास्तविक किसानको पहिचान गरी राहत दिन प्रभावकारी हुनेछ । यसबाट किसानलाई व्यावसायिक बन्न थप मद्दत पुग्नेछ ।"

त्यसैगरी वडाध्यक्ष बद्रीनारायण चौधरीले किसानको हक-अधिकारलाई किसान परिचयपत्रले सुनिश्चित गर्ने बताए । किसान परिचयपत्र क्रमशः सबै वडामा वितरण गरिने कार्यक्रम रहेको नगरपालिकाका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइले जानकारी दिए । परिचयपत्रमा सम्पूर्ण किसानको व्यक्तिगत विवरण राखिएको छ । जसमा क्यूआर कोड पनि छ । अनलाइनमा नाम हाल्नेबित्तिकै किसानको सम्पूर्ण जानकारी प्राप्त हुनेछ । रासस

# रहेनन् चर्चित डाक्टर साह



**द पब्लिक टुडे समाचारदाता**
**जनकपुरधाम, जेठ २५ गते ।** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. रामकेवल साहको निधन भएको छ ।

झण्डै दुई महिनादेखि लिभर क्यान्सरबाट पीडित डा. साहको दिल्लीको एक अस्पतालमा बिहिवार बिहान उपचारको क्रममा निधन भएको पारिवारिक स्रोतलाई उदधृत गर्दै प्रतिष्ठानका राजिष्टार डिन. विनोद यादवले जानकारी दिए ।

काठमाडौंमा उपचार सम्भव नभएपछि एक साताअघि उनलाई दिल्ली लगिएको थियो । उनी मधेशका एक चर्चित अनुभवी नशा तथा हाडजोर्नी रोग विशेषज्ञ थिए ।

# एल निनोको कारण प्रचण्ड गर्मी र प्रतिकूल मौसमको चेतावनी

**वासिङ्टन, जेठ २५ गते ।** अमेरिकी राष्ट्रिय महासागरीय तथा वायुमण्डलीय (एनओएए) वैज्ञानिकहरूले एल नीनो जलवायु परिवर्तन आउन लागेको र यसले चरम मौसम र उच्च तापक्रमको जोखिम बढाएको बताएका छन् ।

भूमध्यरेखा नजिकैको मध्य र पूर्वी प्रशान्त महासागरमा समुद्रको सतहको तापक्रम पछिल्लो पटक सन् २०१८-१९ मा औसतभन्दा बढी तातो भएको, मौसमको सामान्य ढाँचामा परिवर्तन भएको थियो । यो अवस्था औसतमा प्रत्येक २-७ वर्षमा देखिने गर्छ ।

एनओएएका जलवायु वैज्ञानिक मिचेल लह्युरेक्सले भन्के "यसको शक्तिको आधारमा, एल निनोले विश्वका केही स्थानहरूमा भारी वर्षा र खडेरीको जोखिम बढाउने जस्ता विभिन्न प्रभावहरू निम्त्याउन सक्छ ।"

उनले भने, "जलवायु परिवर्तनले एल निनोसँग सम्बन्धित केही प्रभावहरू बढाउन वा कम गर्न सक्छ । पहिले नै औसतभन्दा बढी तापक्रम अनुभव गर्ने क्षेत्रहरूमा विशेष गरी एल निनोको समयमा एल निनोले तापमानको नयाँ रेकर्डहरू निम्त्याउन सक्छ ।"

यसै साता, अस्ट्रेलियाले एल निनोले भीषण डढेलोको जोखिममा रहेको क्षेत्रमा अत्यधिक न्यानो र सुख्खा मौसम निम्त्याउने चेतावनी दिएको थियो भने जापानले एल निनोले वसन्तका लागि आंशिक रूपमा तापक्रम बढाउने बताएको थियो ।

एनओएएले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "गर्मीयाममा संयुक्त राज्य अमेरिकामा यो घटनाको प्रभाव कमजोर हुन्छ तर शरद ऋतुको अन्त्यदेखि वसन्त ऋतुसम्म बढी प्रतिकूल प्रभाव छोड्ने देखिएको छ ।" रासस/सिन्ह्वा

# भेन्टिलेटरले खुशीलाई दिएको नयाँ...

सहयोगको अपिल गर्‍यौं, बर्दिबास हेल्प फाउण्डेशनका साथीले अभियान नै सञ्चालन गरेर संकलित रकम हामीलाई दिनुभयो, त्यसैगरी बर्दिबास नगरपालिकाको स्वास्थ्य शाखाले पनि सहयोग गर्‍यो ।" मानवीय सेवाका क्षेत्रमा हात फैलाएपछि सहयोग जुट्दो रहेछ भन्ने दृष्टान्त पनि मिलेको उनको भनाइ छ । भेन्टिलेटरको सघन उपचारले खुशी फिरेपछि अब गम्भीर प्रकृतिका बिरामीको उपचार यहाँ सम्भव छ भन्ने विश्वास सबैमा जाग्ने नगरप्रमुख प्रल्हाद क्षत्री बताउँछन् । अब बर्दिबास अस्पताललाई पनि स्तरोन्नति गराउँदै लगिने र चाँडै भेन्टिलेटरसहितको सेवा संचालन गरिने क्षेत्रीको भनाइ छ ।

"अब हाम्रो सरकारी अस्पताल (बर्दिबास अस्पताल) लाई पनि साधन सम्पन्न बनाइने छ" क्षत्रीले भने, "साधन सम्पन्न अस्पताल जति थपिन्छन्, आम सर्वसाधारणको स्वास्थ्य सेवा पहुँच उतिकै बढ्दै जानेछ ।" 'सर्पको खानी' भनिने बर्दिबास नगरक्षेत्रमा बर्सेनि विषालु सर्पको डसाइले मानवीय क्षति हुँदै आएको छ । पछिल्लो पटक आफ्नै नगरका अस्पतालमा अत्याधुनिक सुविधायुक्त सेवा बढ्दै गएपछि अब चैं उपचार नै नपाएर मर्नु परोइन भन्ने बर्दिबासबासीमा आश जागेको छ ।

# मधेसी दलका सदाबहार अध्यक्ष...

**महाधिवेशन टार्न विधान संशोधन**

एक वर्षभित्र महाधिवशेन त हुन सकेन, राजपाको तीन वर्ष अलमलमै बित्यो । यहाँसम्म कि तत्कालीन राजपाले महाधिवेशनको मिति सार्नका लागि दुई पटक आफ्नो विधान नै संशोधन गर्‍यो । २०७५ वैशाखमा पहिलो पटक एकीकरण भएको दुई वर्षभित्र महाधिवेशन गर्ने निर्णय गरी विधान सच्याएर निर्वाचन आयोगलाई बुझाएको थियो । त्यो अवधिमा पनि महाधिवेशन गराउन नसकेपछि २०७६ वैशाखमा दोस्रो पटक विधान संशोधन गरेर एकीकरण भएको तीन वर्षभित्र महाधिवेशन गरिसक्ने उल्लेख गर्दै सोही सालको असार २९ गते आयोगलाई पत्र बुझायो । तर तीन वर्षको अवधिमा तीनपटक महाधिवेशनको मिति सार्दा पनि महाधिवेशन हुन सकेन ।

त्यो तीन वर्षको अवधिमा एकता महाधिवेशनका लागि तत्कालीन राजपा नेपालले विभिन्न मिति तय गरेको थियो । तर सो पार्टीभित्र यस्तो आन्तरिक विवाद थियो कि तोकिएको मितिमा महाधिवेशन हुन सकेन । तत्कालीन राजपाले २०७६ वैशाख ७-९ मा महाधिवेशन गर्ने निर्णय गरेको थियो । तर त्यो मितिमा महाधिवेशन हुन नसकेपछि २०७६ वैशाख १३ गते पत्रकार सम्मेलन गरेर तत्कालीन राजपाले २०७६ कात्तिक २८ गतेदेखि ३० गतेसम्म महाधिवेशन गर्ने जानकारी गराएको थियो ।

त्यसका लागि तत्कालीन अध्यक्षमण्डल सदस्य महन्थ ठाकुरको संयोजकत्वमा केन्द्रीय कार्यसमितिका सबै सदस्यहरु रहने गरी महाधिवेशन मूल आयोजक समिति र उनकै संयोजकत्वमा सबै पदाधिकारी सम्मिलित महाधिवेशन तयारी समिति समेत गठन गरिएको थियो । महाधिवेशन सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार संयोजक ठाकुरलाई नै दिएको थियो । यस्तै लक्ष्मणलाल कर्णको संयोजकत्वमा विधान मस्यौदा समिति गठन गरेको थियो ।

**उपेन्द्र यादवसँग एकीकरण**

त्यस अवधिमा पार्टी समायोजनको काम सकाएर प्रदेश, जिल्ला, पालिका, वडासम्म अधिवेशन सम्पन्न गर्ने मितिसमेत तय गरिसकेको थियो । तर पार्टीभित्र ६ जनाको बीचमा यस्तो आन्तरिक विवाद थियो कि समायोजनको काम नै अगाडि बढ्न सकेन ।

बरु नेताहरुले जिल्ला जिल्लामा समान्तर कमिटी समेत बनाउन थाले । त्यही विवादका कारण कात्तिक २८ गतेका लागि तोकिएको महाधिवेशन हुन सकेन र २०७७ वैशाख १० गते मध्यरात तत्कालीन राजपाले उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टी नेपालसँग एकीकरण गरेर जसपा नेपाल गठन गरेको थियो ।

जसपा नेपालमा दुई जना अध्यक्ष रहने तय भयो । त्यसमा महन्थ ठाकुर पहिलो वरीयताका अध्यक्ष बने । जसपा गठनपछि बनेको अन्तरिम विधानमा पाँच वर्षभित्र पार्टीको महाधिवेशन सम्पन्न गर्ने उल्लेख थियो । त्यसअघि पार्टी समायोजनका सम्पूर्ण कार्य सम्पन्न गर्ने निर्णय गरेको थियो । पार्टी समायोजनको काम सुरु भएपछि राजपाजस्तै जसपामा पनि आन्तरिक विवाद सुरु भयो ।

एक वर्ष विवादमै बित्यो । एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारमा सहभागी हुने विषयलाई लिएर जसपाभित्र उपेन्द्र यादव पक्ष र महन्थ ठाकुर पक्षबीच यस्तो विवाद उत्पन्न भयो कि पार्टी एक रहन सकेन । जसपाबाट अलग भएर महन्थ ठाकुरले आफ्नो अध्यक्षतामा लोसपा गठन गरे । लोसपाको अन्तरिम विधान २०७८ मा महाधिवेशन प्रत्येक पाँच वर्षमा हुनेछ तर विशेष कारणवश तोकिएको समयमा हुन नसकेमा अधिकतम ६ महिनासम्म थप गर्न सकिने उल्लेख छ ।

अन्तरिम विधान अनुसार लोसपाको महाधिवेशन गर्ने समय पुगेको छैन । नयाँ पार्टी बनाएका कारण महाधिवेशन नभएको लोसपाका नेताहरु बताउँछन् । साभार : रातोपाटी

## मालपोत कार्यालय बर्दिवासको हकदावी सम्बन्धी ३५ दिने सावैजनिक सूचना

जिल्ला महोत्तरी न.पा.बर्दिवास वडा नं. ९ बस्ने बहादुरको नाती सिता राम महतोको छोरा राम उदगार महतो, बौएलाल महतो र राम लाल महतो र राम प्रकाश महतोले संयुक्त रुपमा बाबु सिता राम महतो तथा एक मात्र आमा कारो देवी कोइरीन दुवैको मृत्यु भएको हुँदा बाबु सिता राम महतो नाममा दर्ता कायम रहेको तपसिल उल्लेखित जग्गाहरुको मोठ श्रेस्ता जिर्ण भई गएकोले श्रेस्ता कायम गरी हाम्रो नाममा नामसारी गरी पाउ भनी द.नं. ६३१ख मिति २०७८/११/२२ मा संयुक्त निवेदन माग दावी गर्नु भएको हुँदा तपसिलमा उल्लेखित जग्गाहरु सिताराम महतो कोइरीको नाममा श्रेस्ता कायम गरी नामसारी गरी दिदा कोही कसैको हक दावी भए या सो जग्गा निवेदकका नाममा नामसारी गर्न नपर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गा धनि |
|---|---|---|---|---|---|
| महोत्तरी | पशुपतिनगर | ४ | ४७ | ०-१५-० | सिताराम महतो कोइरी (मृतक) |
| महोत्तरी | पशुपतिनगर | ४ | २२८ | ०-३-५ | सिताराम महतो कोइरी (मृतक) |
| महोत्तरी | पशुपतिनगर | ४ | ३०५ | ०-५-० | सिताराम महतो कोइरी (मृतक) |
| महोत्तरी | पशुपतिनगर | ४ | ५२ | ०-११-१० | सिताराम महतो कोइरी (मृतक) |
| महोत्तरी | पशुपतिनगर | ४ | ७०१ | ०-३-१५ | सिताराम महतो कोइरी (मृतक) |

बुढाथोकी आल्मुनियम
बर्दिवास-१, महोत्तरी

हामी कहाँ आल्मुनियम तथा UPVC का झ्याल ढोका, पार्टेशन, स्टील रेलिङ्गका साथै जिप्सनको काम पनि गरिन्छ ।
पदम बुढाथोकी-९८४४४२३५३९, शिवु बुढाथोकी - ९८००८५३९२२, Email : padam2066@gmail.com

अब बर्दिवासमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा-१ महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रा सेवाहरु

- २४सै घण्टा इमरजेन्सी सेवा
- HDU, ICU, NICU सेवा
- २४ सै घण्टा डिलेभरी सेवा
- २४सै घण्टा ट्रमा(हाड जोर्नी एवं नशा)
- २४सै घण्टा अपरेशन सेवा
- २४सै घण्टा बाल रोग विशेषज्ञ सेवा
- २४सै घण्टा भिडियो एक्स-रे सेवा
- २४सै घण्टा ल्याब, प्याथोलोजी सेवा
- इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
- छाती, मुटु तथा पेट रोग विशेषज्ञ
- हाड जोर्नी तथा नशा रोग सेवा
- पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
- नाक, कान, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा

विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415


खर्गा दाँत उपचार केन्द्र
अव काठमाडौँ जानु नपर्ने
डा.गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
➢ हामी कहाँ नै किन ? आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाँउ, खटिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।
डाक्टर भेटने समय: प्रत्येक दिन विहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।
यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।
खर्गा दाँत उपचार केन्द्र
सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६

# भेन्टिलेटरले खुशीलाई दिएको नयाँ जीवन

**द पब्लिक टुडे समाचारदाता**
**बर्दिबास, जेठ २५ गते ।**
"ओह...हम कत्त छी ?" (ए, म कहाँ छु ?) सर्पको डसाइले छ दिनपछि होस खुलेकी महोत्तरीको गौशाला नगरपालिका-१ रामनगरकी ९ वर्षीया खुशी महतोले जनसेवा अस्पताल बर्दिबास-३ को भेन्टिलेटरकक्षबाट आइसियुकक्षमा सारिदै गर्दा आश्चर्य भावमा भनिन् ।

गत शनिबार बिहान घरमा खेल्दै गर्दा विषालु सर्प गोमनको डसाइबाट अचेत भएकी खुशीको अस्पतालको भेन्टिलेटरकक्षमा लगातार छ दिनको सघन उपचारपछि बिहीवार होस खुलेको हो ।

सर्पले डसेदेखि अचेत भएकी खुशीले आफू अस्पताल ल्याइएको र उपचारले ठिक भएको अब थाहा पाएकी छिन् । "हम ठिक भगेली" (म ठिक भइसकें) उनले आँखाका डिलबाट आँसु झर्दै गर्दापनि थोरै मुस्कान दिर्दै भनिन्, "आब घर जबै" (अब घर जानेछु) ।

खुशीलाई शनिबार बिहान घरआँगनमा खेलिरहेका बेला अति विषालु गोमन सर्पले देब्रे गोडाको तल्लो भाग पैतालामाथि लगातार दुईपटक डसेको थियो । डसेको १५ मिनटभित्रै बर्दिबास-३ स्थित सर्पदंश उपचार केन्द्र पुऱ्याइएकी उनलाई लगत्तै भेन्टिलेटरको सघन उपचार दिन थालिएको थियो । गोमनले डसेर अचेत भएकी खुशीको भेन्टिलेटरमा पाँच दिनको सघन उपचारले बुधवार साँझ होस फिरेपछि उनी स्वयं, परिवारजनमात्र नभई सर्पदंश उपचार केन्द्र बर्दिबास-३ गौरीडाँडाका प्राविधिक एवम् जनसेवा अस्पतालका चिकित्सक र संचालक पनि दङ्ग छन् ।

"भाञ्जीले नयाँ जीवन पाइन्" खुशीलाई सर्पले डसेदेखि उनको उपचारमा पारिवारिक दायित्व बोक्दै आएका मामा शिवनारायण महतोले भने । संयोग नै भन्नपर्छ, जनसेवा अस्पतालले भेन्टिलेटर कक्ष संचालनमा ल्याएलगत्तै त्यसको पहिलो सेवा खुशीले पाएकी हुन् । "हामीले भर्खरै सेवा सुरु गरेका हौं, भेन्टिलेटरकक्षको सेवा लिने पहिलो बिरामी नै खुशी हुन्, उनी होसमा फिरेसँगै आफूले



थालेको नयाँ सेवाबारे भरोसा जागेको छ" जनसेवा अस्पताल संचालक सुमन भुजेल भन्छन्, "अब आफ्नो काम सेवामा दरिन्छ भन्ने विश्वास जागेको छ ।" सर्प दंश उपचार केन्द्र बर्दिबासले रेफर गरेका बिरामी फिरेका यो दुर्लभ घटना हो । "केन्द्रमा गम्भीर अवस्थामा ल्याइएका बिरामीलाई भ्यान्टिलेटरको सघन उपचार आवश्यक पर्छ, त्यसका लागि रेफर गर्नै पर्छ, हामीले पनि त्यो गर्दै आएका छौं" केन्द्रमा सर्प दंश उपचारमा खटिएको नेपाली सेनाको प्राविधिक टोलीका प्रमुख उत्तम कटुवाल भन्छन्, "खुशीलाई रेफर गरिएको केही मिनटभित्रै भेन्टिलेटरको सघन उपचार सुरु हुनसक्यो, उनले नयाँ जीवन पाइन् ।" केन्द्रबाट १०० मिटरभित्रै साधन सम्पन्न अस्पताल भएको हुँदा तुरुन्त सघन उपचार सम्भव भएपछि यो सुखद परिणाम पाइएको कटुवाल बताउँछन् ।

सर्प दंशका गम्भीर अवस्थाका बिरामी तत्काल भेन्टिलेटरको सघन उपचार दिन नपाएरै मृत्यु हुने गरेको विगत अब हट्ने बर्दिबासक्षेत्रमा आश जागेको छ । खुशीलाई सर्पले डसेको १५ मिनटभित्र मामाले केन्द्रमा ल्याई पुऱ्याएका र लगत्तै भेन्टिलेटरमा लगिएको थियो । "उनलाई (खुशीलाई) शनिबार बिहान पउने नौ बजे सर्पले डसेछ, १५ मिनटमा उनी केन्द्रमा ल्याइइन्, नाजूक अवस्थाकी उनलाई तत्कालै रेफर गरिएर भेन्टिलेटरमा पुऱ्याइयो, उनी फिरिन्" सर्प दंश उपचार केन्द्र सञ्चालक समितिका अध्यक्ष कृष्ण देवकोटा भन्छन्, "हामीले रेफर गरेका बिरामी फिरेका यो दुर्लभ घटना हो ।"

केन्द्रसँगै जोडिएको अस्पतालमा सुरु भएको नयाँ सेवाले खुशीले नयाँ जीवन पाएकी देवकोटा बताउँछन् । मुख्यत सर्पले डसेका गम्भीर प्रकृतिका बिरामीका लागि आवश्यक पर्ने भेन्टिलेटरको सघन उपचार समयमा नपाएर बिरामीको मृत्यु हुने गरेको उनको भनाइ छ । यसैबीच केन्द्र नजिकै अत्याधुनिक भेन्टिलेटर र आइसियुकक्ष संचालनमा आएसँगै अब सर्प दंशबाट हुने मानवीय क्षति हुनै नदिन थप चासो बढेको छ । यसका लागि केन्द्रलाई अति आवश्यक उपकरण र सामग्री थप्ने काममा रेडक्रस सोसाइटी बर्दिबास उपशाखाको अग्रसरतामा बिभिन्न सामाजिक संस्थाले पहलकदमी बढाएका छन् । "हामीले केन्द्रलाई साधन सम्पन्न बनाउन भर्खरै (बुधबार) भ्याक्सिन फ्रिज (एन्टी स्नेक भेनम सुई सुरक्षित भण्डारण गर्ने फ्रिज), पोटेबल भेन्टिलेटर (सिकिस्त बिरामीलाई तत्काल सघन उपचार गर्दै अस्पताल पुऱ्याइन प्रयोग गरिने भेन्टिलेटर), ओक्सीलेटर र भेनम ओसार्न प्रयोग गरिने सुरक्षित आधुनिक बाकससहितका सामग्री हस्तान्तरण गरेका छौं" रेडक्रस बर्दिबास उपशाखाका सभापति रेवन्त कार्की 'सुदीप' भन्छन्, "हामीले केन्द्रलाई

- बाँकी पृष्ठ ३ मा




# लूबाट बच्न बढी गर्मीमा घरभित्र बस्न आग्रह

**काठमाडौं, जेठ २५ गते ।**
जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले देशका तराई भूभागमा आगामी चार दिनसम्म तातो हावा तथा लूको सम्भावना यथावत् रहने देखिएकाले सोबाट बच्नका लागि आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ ।

देशभरिको तापक्रमको अवस्था तथा विश्लेषणअनुसार तराईका धेरैजसो भूभागमा तापक्रम क्रमिकरुपमा बढ्ने देखिन्छ ।

काठमाडौं उपत्यकालगायत देशका अन्य उपत्यकामासमेत तापक्रममा क्रमिक वृद्धि भइरहेको र देशको तराई भूभागमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ ।

हालको तल्लो र उपल्लो वायुमण्डलको अध्ययन र विश्लेषणअनुसार नेपालमा यस वर्षको मनसुनको आगमन हुन अझै केही दिन लाग्ने देखिन्छ । साथै पहाडी भूभागका उपत्यका तथा खोँचमासमेत तापक्रम क्रमिकरुपमा बढ्नसक्ने सम्भावना रहेकाले महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अद्यावधिक रहनसमेत अनुरोध गरिएको छ ।

महाशाखाले तातो हावा तथा लूबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्किँदा टाउको छोप्ने, टोपी लगाउन सुझाव दिएको छ ।

साथै नियमित (पटकपटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिनसमेत अनुरोध गरिएको छ ।

तातो हावा तथा लूबाट थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएको छ । रासस




# किसानलाई परिचयपत्र वितरण

**लहान, जेठ २५ गते ।**
सिरहाको लहान नगरपालिकाले किसानलाई लक्षित गरी आफ्नो परिचय खुल्ने परिचयपत्र वितरण गर्न सुरु गरेको छ । नगरपालिकाले बिहीवार वडा नं. १२ बाट वितरण सुरु गरेको हो ।

सरकारले किसानलाई प्रदान गर्ने हरेक सुविधा प्रभावकारीरूपमा वितरण गर्न सहज हुने उद्देश्यले किसान परिचयपत्र वितरण गरिएको नगरप्रमुख महेश चौधरीले बताए ।

"अब किसानलाई मलखाद वितरण, बीउबिजन, अनुदानमा पारदर्शिता, ऋण लिनलगायत अन्य कार्य गर्नलाई थप सहज हुने विश्वास लिएको छु", चैधरीले भने,

- बाँकी पृष्ठ ३ मा










पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१४, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री

राष्ट्र र जनताप्रति प्रतिवद्ध
# द पब्लिक टुडे
www.thepublictoday.com
The Public Today National Daily
राष्ट्रिय दैनिक
वर्ष १० | अंक २६५ | २०८० जेठ २६ गते शुक्रवार (Friday, 9 June, 2023) | पृष्ठ ४+४ | मुल्य रु. ५

## ‘राडार गन’ बन्यो बेवारिस

शारदा पोखरेल

बारा, जेठ २५ गते ।

राजमार्गमा गुड्ने सवारी साधनको गति नियन्त्रण गरी दुर्घटना न्यूनीकरण गर्न जडान गरिएका ‘राडार गन’ (गति मापन यन्त्र) बेवारिसे अवस्थामा पुगेका छन् । मधेस प्रदेश सरकारको आर्थिक सहयोगमा प्रदेशका आठ जिल्लालाई लक्षित गरेर पाँच ठाउँमा जडान गरिएका राडार गन दुई वर्ष नपुग्दै बिग्रेपछि बेवारिसे बनेका हुन् ।

बाराको पर्सा राष्ट्रिय निकुञ्ज आधार क्षेत्र, काठमाडौँ-तराई/मधेस द्रुतमार्गछेउ अनि सप्तरी, सिराहा र महोत्तरीमा गरी पाँच ठाउँमा यो यन्त्र जडान गरिएको छ ।

प्रति राडार गन करिब २६ लाख खर्चेर १ करोड ३० लाखमा प्रदेश सरकारले जडान गरेका यी उपकरण जडान गरेको थियो । तर २ वर्ष नपुग्दै बिग्रिन थालेपछि मर्मतसम्भार गर्नसमेत हैरानी भएको राजमार्ग ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाले जनाएको छ ।

राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रमुख तथा प्रहरी उपरीक्षक सन्तोषकुमार भट्टराईले बिग्रेका राडार गन मर्मत गर्न आवश्यक सामग्री नेपालमा नपाइने, छिमेकी मुलुक चीनबाट झिकाउनुपर्ने र प्राविधिकसमेत काठमाडौँबाट बोलाएर मर्मत गर्नुपर्ने भएकाले समस्या भएको बताएका छन् ।

‘यो अत्यन्तै हाई क्वालिटीको क्यामरा हो, सवारी दुर्घटना न्यूनीकरण अन्तर्गत गति नियन्त्रण गर्न यसको महत्त्वपूर्ण भूमिका रहन्छ,’ प्रहरी उपरीक्षक भट्टराईले भने, ‘पावर सप्लाई बिग्रेकाले ल्याउने प्रक्रियामा छौँ, त्यसका लागि लाग्ने खर्चका लागि प्रदेश सरकारसँग आवश्यक सहयोग माग्ने काम भइरहेको छ ।’ गत पुसमा मधेस प्रदेशका सबै ठाउँमा बिग्रिएर बेवारिसे अवस्थामा रहेका राडार गन पछिल्लो समय महोत्तरी र सिराहामा मात्रै सञ्चालनमा छन् । राडार गनले राजमार्गमा गुडेका सवारी साधन कुन गतिमा छन् भन्ने गाडीको नम्बरसहित प्रस्ट देखाउँछ । सवारी साधनको गति मापन रेकर्ड भने ट्राफिक प्रहरी कार्यालयमा रहने गर्दछ । सोही रेकर्डका आधारमा तीव्र गतिमा गुडेका सवारी साधनलाई ट्राफिक प्रहरीले जरिवाना गर्ने गर्दछ । साँघुरो (२ लेन) सडकखण्ड भएको र सवारी साधनको उच्च चाप हुने बाराको पर्सा राष्ट्रिय निकुञ्ज र निजगढको राडागन मर्मतसम्भारका नहुँदा यो क्षेत्रमा दुर्घटनाको जोखिम बढी छ । यो क्षेत्रमा दुर्घटना भएर भाग्ने गाडीहरूलाई नियन्त्रणमा लिन प्रहरीलाई गाह्रो हुने गरेको छ । ट्राफिक प्रहरी उपरीक्षक भट्टराईले सवारी साधनको अनुगमन र कारबाही गर्न राडार गन अत्यन्तै प्रभावकारी यन्त्र भएको बताउँछन् ।



‘पाँच महिनाअघि म आउँदा मधेस प्रदेशका पाँच वटै क्यामरा बिग्रिएका थिए । प्राविधिक बोलाएर मर्मत गरेपछि चार वटा चालु अवस्थामा आए । तर अहिले फेरि दुई वटा मात्रै क्यामरा संचालनमा छ,’ उनले भने, ‘बिग्रिएका क्यामरा बनाउन काठमाडौँबाटै प्राविधिक बोलाएर देखाउँदा पावर सप्लाई नै फेर्नुपर्ने र धेरै खर्चिलो भएकाले हाम्रो क्षमताले बनाउन नसकेर प्रदेश सरकारलाई अनुरोध गरेका छौँ ।’ बिग्रिएका राडार गन बनाउन करिब एक लाख २५ हजार खर्च लाग्ने जनाइएको छ ।

‘कतिपयले कहाँ स्पिडमा चलाएको छु भनेर जित्न खोज्नुहुन्छ, पछि हामीले रेकर्ड देखाएपछि विश्वस्त भएर जानुहुन्छ,’ भट्टराईले भने, ‘दुर्घटना गराएर भाग्ने सवारी साधनको हकमा पनि राडार गर्नको सहयोगमा नियन्त्रणमा लिन अत्यन्तै सजिलो हुन्छ, यसबाट राति पनि स्पष्ट रूपमा नम्बर प्लेट देखाउँछ ।’

पछिल्लो समय पथलैया-वीरगञ्ज औद्योगिक करिडोरको (६ लेन) मा पनि थप एउटा राडार गन जडान प्रक्रिया सुरु भएको ट्राफिक प्रहरी कार्यालय पथलैयाले जनाएको छ ।

तर बिग्रिएका यस्ता यन्त्र मर्मतसम्भारका लागि बजेटको व्यवस्थापन नहुँदा भने समस्या हुने गरेको छ ।

**वार्षिक २५ करोड राजस्व सङ्कलन, पाँच लाखका लागि हारगुहार**

राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाले मधेस प्रदेशका ८ जिल्लामा गत वर्ष सवारी जरिवानाबापत मात्रै २२ करोड ४४ लाद ४५ हजार राजस्व सङ्कलन गरेको छ । चालु आर्थिक

*-बाँकी पृष्ठ ७ मा*


## श्री ल.च.मु. नमूना माध्यमिक तथा प्राविधिक विद्यालय

जलेश्वर-२, महोत्तरी (नेपाल)

**सूचना ! सूचना !! सूचना !!!**

यस विद्यालयका लागि नमुना शैक्षिक कार्यक्रम अन्तर्गत तपसिलका सामग्रीहरु खरीद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र विद्यालयमा दर्ता भैसकेको गरी इच्छुक आपूर्तिकर्ताहरुबाट दर रेट आह्वान गरिन्छ ।

१. C.C.T.V. क्यामरा

२. शैक्षिक सामग्री

३. विज्ञान प्रयोगशाला सामग्री

*नोट :* C.C.T.V. क्यामरा शैक्षिक तथा विज्ञान प्रयोगशाला सामग्रीको विस्तृत विवरणको लागि विद्यालयको सूचना पाटीमा टाँस भएको सूचना हेर्नु होला ।

प्राधानाध्यापक

## पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरू :

- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो सँग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने



त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो ।

“थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं”

## गौशाला नगरपालिका

गौशाला, महोत्तरी, मधेश प्रदेश

## सुरक्षित खानाबाट स्वस्थ रहने उपाय



काँचै खानमिल्ने मुला, गाजर, स्याउ, आँपजस्ता तरकारी र फलफूल सफा पानीले राम्ररी पखालेर मात्र खानु पर्छ ।

खाना पकाउने र खाने भाँडावर्तन सधैं राम्ररी सफा गरेर सफा ठाउँमा राख्नु पर्छ ।

पाकेको खानालाई जनावरले नभेटनेगरी फोहोरमैला र कीरा नपस्नेगरी छोपेर राख्नु पर्छ ।

सडेगलेको र बासी खाना खानु हुँदैन । स्वस्थ रहन जहिले पनि सफा र ताजा खाना मात्र खानु पर्छ ।

बाढीको समयमा पानी दुषित हुने हुँदा पानी शुद्धिकरण गरेर मात्र पिउनु पर्छ र पिउने पानी सफा भाँडामा छोपेर राख्नु पर्छ ।

## स्वास्थ्य कार्यालय

जलेश्वर, महोत्तरी, मधेश प्रदेश

# रहस्यको गर्भमा मौलापुरको महादेव मन्दिर

धर्मेन्द्र झा र कृष्ण अधिकारी
रौतहट, जेठ २५ गते ।

"यो मन्दिर त रहस्यैरहस्यले भरिएको रहेछ। जति उत्खनन गऱ्यो, जति अनुसन्धान गऱ्यो, उति नयाँनयाँ रहस्यहरु उद्घाटित भइरहेका छन्", पूर्वमन्त्री एवं रौतहट-३ का सांसद प्रभु साहले मौलापुर नगरपालिका-५ स्थित पुरातात्विक पतौरा मन्दिरलाई देखाउँदै भने । प्रारम्भमा यो मन्दिर सेनकालको भन्ने मानियो। पछि अर्को तथ्य फेला पऱ्यो र यसको इतिहास कर्नाटकालसँग जोडियो। अहिले त यो कर्नाटकालभन्दा पनि प्राचीन हो भन्ने विभिन्न तथ्यहरु उजागर हुँदैछ।

जानकारहरुका अनुसार यस मन्दिर र वरपरको क्षेत्रको उत्खनन् गरी पुरातात्विक अध्ययन अनुसन्धानले पूर्णता पाए विगतको सिम्रौनगढ राज्यको मात्र होइन, नेपालकै इतिहासमा नयाँ ढङ्गले अध्ययन गर्नुपर्ने अवस्था सिर्जना हुनसक्छ । उनीहरुका अनुसार यो मन्दिर १०औँ शताब्दी वरपरको हुनसक्ने अनुमान छ । यसको उत्खनन र संरक्षण राज्यबाटै हुनुपर्ने र यसलाई विश्व सम्पदामा सूचीकृत गरिनुपर्ने स्थानीयवासी बताउँछन्।

अनुसन्धानबाट नयाँ तथ्य फेला परेसँगै ऐतिहासिक एवं पुरातात्विक महत्व बोकेको यस पतौरामन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउनुपर्ने माग उठ्न थालेको छ। धार्मिक, पौराणिक एवम् पुरातात्विकरूपमा यो मन्दिर इतिहासको कैयौँ कालखण्डको साक्षीका रुपमा रहेकाले यसलाई विश्वसम्पदा सूचीमा समावेश गर्नुपर्ने माग गरिएको हो ।

हाल पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचीमा पुऱ्याउन आफू निरन्तर प्रयत्नरत रहेको नगरपालिकाका प्रमुख रिना कुमारी साहले बताए। उनले भने, "नेपालको धेरै सम्पदा विश्व सम्पदामा समावेश छ तर तराई मधेसको एउटा पनि सम्पदा विश्व सम्पदामा समावेश छैन।" ऐतिहासिक एवं पुरातात्विक महत्व बोकेको यो मन्दिर नेपालकै एक महत्वपूर्ण पर्यटकीय केन्द्रका रुपमा स्थापित हुने उनको भनाइ छ। नेपालमा जम्मा १० वटा सम्पदालाई विश्वसूचीमा राखिएकाले अब अर्को गन्तव्य पुरातात्विक मन्दिर बन्ने मेयर साहको विश्वास छ।




पूर्वमन्त्री एवं सांसद साहको विषेश पहलमा उक्त मन्दिरको पर्खालका रुपमा प्रयोग गरिएको ऐतिहासिक इन्टाको पुरातत्व विभागमा जाँच हुँदा मन्दिरको पर्खालका रुपमा रहेको इँटाहरु झन्डै १० इञ्चभन्दा बढी चौडाइ रहेको पाइएको छ । विसं २०६७/६८ मा सांसद साहले यस मन्दिरको अवस्थाका बारेमा पुरातात्वक विभागलाई खबर गरी मन्दिरको जीणोद्धारका लागि अनुरोध गरेको थियो ।

यस मन्दिरको अध्ययनमा संलग्नका अनुसार मन्दिरको पुनःनिर्माण कर्नाटकालमा (११-१२ शताब्दी), फेरि अर्को पटक सेनकालमा (१५-१६ औं शताब्दी) र पछिल्लो पटक अहिले भएको छ। हरेक पाँचरपाँच सय वर्षको अन्तरालमा मन्दिर लोप हुने र पछि पुनः प्रकट हुने विश्वास गरिन्छ। सांसद साहले जनकपुरको जानकी मन्दिर, गढिमाई मन्दिर, बारा सिम्रौनगढका ठूलो इतिहास बोकेको सम्पदासहित रौतहटको मौलापुर पतौराको हजारौं वर्ष पुरानो पतौराको महादेव मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गर्न आफू लागिपरेको बताए ।

उनले यस्ता सम्पदाहरु विश्वसम्पदा सूचीमा समावेश गराउन आवश्यक कूटनीतिक तथा अन्य पहलका लागि सरकारको ध्यानाकर्षण गराए ।

बारी खन्ने क्रममा पुराना इँटा भेटिएपछि स्थानीयले सामान्य उत्खनन गर्दा मन्दिरको संरचना भेटिएको र पछि सामान्य उत्खनन गर्दा प्राप्त भएको शिवलिङ्गलाई मन्दिर बनाएर पूजाआजा गर्न थालिएको थियो। यस मन्दिरमा पूजा गरेमा मनोकामना पूरा हुने जनविश्वास छ। पछिल्लो समय यस मन्दिरमा पूजा गर्न नेपाल तथा भारतीय भक्तजनको भीड लाग्न थालेको छ ।

प्रारम्भिक उत्खननका क्रममा मन्दिर सेनकालीन रहेको पाइयो । मन्दिरमाथि माली टोल रहेकाले थप उत्खननमा नै बाधा पुगेपछि नगरपालिकाले बस्तीलाई अन्यत्र सारेर मन्दिर क्षेत्र खाली गराई वरिष्ठ पुरातत्वविद् तारानन्द मिश्र नेतृत्वको टोली र पुरातत्व विभागले थप उत्खनन गर्दा मन्दिरको पुनर्निर्माण कार्य कर्नाटकालीन समयमा पनि भएको तथ्य फेला पऱ्यो । मन्दिरको प्रारम्भिक उत्खननको क्रममा नै कैयौँ रहस्यमयी तथ्यहरू बाहिर आउन थालेका छन्। यस मन्दिरको उत्खनन र पुरातात्विक अध्ययन भइरहेकै समयमा पुरातत्वविद् मिश्रको निधन हुँदा मन्दिरका अनेकौं तथ्य प्राप्तिमा समस्या भएको अनुभव गरिएको छ।

मन्दिरलाई उत्खनन गर्दै जाँदा जमिनको सामान्य सतहदेखि करिब २२ फिट गहिरोसम्म यसको संरचना भेटिएको छ। सिम्रौनगढमा कर्नाटवंशीय शासन स्थापना हुने समयकै हाराहारीको रौतहटको ईशनाथ मन्दिर (स्थापना विसं १११४)लाई विचार गर्दा पतौराको महादेव मन्दिर अझ पुरानो भएको हुनसक्ने अनुमान गरिन थालिएको छ ।

प्रारम्भिक उत्खनन प्रतिवेदनअनुसार ११ देखि १२ शताब्दी अर्थात् कर्नाटकालमै यस मन्दिरको पूनर्निर्माण गरिएको पाइएको छ । उत्खनन एवं अन्वेषणबाट प्राप्त अन्य तथ्यअनुसार मन्दिरसँगै एउटा दरबारको अवशेषसमेत भेटिएको छ । उक्त दरबार तत्कालीन शासकको केन्द्र हुन सक्ने अनुमान गरिएको छ। समय क्रमसँगै समाज, शासन एवम् प्रकृतिमा व्यापक परिवर्तन भएपनि यो मन्दिरको पुरानो अस्तित्व कायम नै रहेको देखिन्छ ।

प्राचीनकालदेखि नै मौलापुर धर्म र आस्थाको केन्द्र रहेको विश्वास गरिन्छ । मौलापुर शब्द संस्कृतको 'मौला'र पुरबाट उत्पत्ति भएको हो । मानसार शिल्पशास्त्रका अनुसार मौलाको अर्थ भगवान् शिवको जट्टालाई जनाउँछ भने पुरको अर्थ नगर हुन्छ। यस अर्थमा पनि मौलापुर शिवको जटाबाट उत्पत्ति भई परापूर्वकालदेखि नै पवित्र शिव भूमि रहेको कुरा सहजै बुझ्न सकिन्छ ।

रौतहटको मौलापुर नगरपालिकाको पतौरामा उत्खननको क्रममा रहेको महादेव मन्दिरको बेलायतका पुरातात्विक अध्येताहरुद्वारा अध्ययन सुरु भएको छ । मन्दिर उत्खनन्का क्रममा निकै पुरानो संरचना प्राप्त भएपछि विशेष पुरातात्विक अध्ययन गर्न थालिएको हो । धेरै प्रमाणबाट मन्दिर कर्नाटकालको रहेको देखियो। पछि विदेशी टोलीले अन्वेषण गर्दा त्यो भन्दा पनि पुरानो हुनसक्ने अनुमान गरिएको छ । कुनै कालखण्डमा यहाँ एउटा समृद्ध सहर रहेको प्रमाण पनि फेला परेको छ। पतौरा महादेव मन्दिरको विषयमा चासो बढेपछि बेलायतको दुर्हाम विश्वविद्यालयको पुरातात्विक टोलीले स्थलगत अध्ययन थालेको छ । मौलापुर नगरपालिकाका अनुसार जमिनमुनि दुई मिटरसम्मको पुरातात्विक एक्सरे गर्न सक्ने मेसिनको सहायतासमेत लिएर रिची भिलिस र एलिक नेलोरको संयुक्त टोलीले पुरातात्विक अध्ययन थालेको थियो ।

मधेश प्रदेशमै नमुना पालिकाको रूपमा रहेको मौलापुर नगरपालिकाले विकास पूर्वाधारका साथै यहाँ रहेका सांस्कृतिक एवं पुरातात्विक सम्पदाहरुको संरक्षण र प्रवर्द्धनमा पनिजोड दिएको नगरपालिकाका प्रशासकीय अधिकृत रामबाबु साहले बताए । "पतौरा महादेव मन्दिर मौलापुरको मात्र नभई सिंगो देशको एक महत्वपूर्ण धार्मिक पर्यटकीय केन्द्र बन्दै गएको बताउँदै उनले भने, "यस मन्दिरको प्रवर्द्धन र विकासलाई नगरपालिकाले उच्च महत्व दिएको छ।" यस मन्दिर प्राङ्गणमा २०७६ फागुनमाआयोजना गरिएको महायज्ञमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले विशेष पूजाअर्चना गरेको थियो ।

धार्मिक पर्यटनको हिसाबले यस क्षेत्रलाई विश्व समुदायमा प्रचार गर्न सकिने सम्भावना रहेको बताउँदै नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष प्रेमचन्द्र झाले भने, "यस मन्दिरलाई विश्वसम्पदा सूचीमा राख्न सकिएमा पुरातात्विक विषयमा चासो राख्ने पर्यटकहरुलाई पनि भित्र्याउन सकिनेछ ।" सरकारले २०७५ सालमा देशैभरका पर्यटकीय गन्तव्यको प्रवर्द्धन र विकासका लागि सयवटा नयाँ पर्यटकीय गन्तव्य सार्वजनिक गरेकामा मधेस प्रदेशबाट पतौरा महादेव मन्दिरलाई पनि छनोट गरेको थियो। सय पर्यटकीय गन्तव्य छनोट गर्दा सय वर्ष पुराना पुरातात्विक सम्पदालाई सबैभन्दा बढी प्राथमिकता दिइएको थियो। रासस

# मधेशका महिला कथाकारका लागि 'टेल योर स्टोरी'



काठमाडौं, जेठ २५ गते ।

मधेश प्रदेशका महिला कथाकारहरूलाई छोटो-फिल्मको पटकथा लेखनमार्फत प्रोत्साहित गर्ने उद्देश्यका साथ 'टेल योर स्टोरी-(मधेश च्याप्टर)' कार्यशाला सुरु भएको छ ।

बुधबारबाट राजधानीमा सुरु कार्यशालाले पुरुषप्रधान फिल्म क्षेत्रमा मधेशका महिलाहरूलाई आफ्नो कथा आफैँ भन्ने अवसरको सिर्जना गर्ने लक्ष्य राखेको छ । कार्यशालाको उद्देश्य महिला सशक्तिकरण तथा सिर्जनात्मक विविधताको समावेशिता रहेको छ ।

दुई चरणमा भईरहेको यस कार्यशालाको पहिलो चरण जेठ १६ देखि जेठ २० सम्म संचालन भएको थियो, जसअन्तर्गत राखिएको ५ दिने भर्चुअल कक्षामा निवेदनमार्फत छानिएका १७ प्रशिक्षार्थी सहभागी भएका थिए । ती मध्येबाट ९ प्रशिक्षार्थीलाई दोस्रो चरणको कार्यशालाका लागि चयन गरिएको हो । जेठ २४ देखि जेठ २९ सम्म सन्चालन हुने दोस्रो चरणको कार्यशालामा प्रशिक्षार्थीहरूलाई नेपालका ख्यातिप्राप्त फिल्मकर्मी तथा कथाकारले कथालेखनका विषयमा सल्लाह तथा मार्गदर्शन प्रदान गर्नेछन् ।

मधेशका महिलाका जीवन र अनुभव, साहस र अठोटका कथा प्राय ओझेलमै रहन पुगेका छन् र विरलै फिल्मको पर्दामा उत्रिने मौका पाउँछन्। तसर्थ, पटकथा लेखनका आधारभूत ज्ञान प्रदान गरेर तिनै अनुभवलाई मधेशकै सम्भावना बोकेका महिला कथाकारको आवाजमा छोटो फिल्मको पटकथाको रूप दिनु नै 'टेल योर स्टोरी' कार्यशालाको प्रमुख लक्ष्य रहेको छ। फिल्म इन्डिपेन्डेन्ट अन्तर्गतको ग्लोबल मिडिया मेकर्सको सहयोग, तथा नेपालस्थित अमेरिकी राजदुतावास तथा शिक्षा फाउन्डेसन् नेपालको सहकार्यमा सन्चालित 'टेल योर स्टोरी-(मधेश च्याप्टर)' कार्यशाला महिला कथाकारहरूलाई आफ्ना जीवनुभव पटकथाका रूपमा उतार्नका लागि आवश्यक प्राविधिक ज्ञान प्रदान गर्नमा दत्तचित्त लागेको छ ।

कार्यशालाको अन्त्यमा तीन छोटा पटकथा छानिनेछन्, जसलाई मधेशकै फिल्मकर्मीहरूबाट फिल्मका रूपमा विकास गरिनेछ । कार्यशालामा आरतीकुमारी मण्डल, कविता खड्का, किरण शाह, पुनम रौनियार, प्रतिभा झा, पुजा यादव, पुष्पा यादव, रेनुका जिसी र सुष्मा शर्मा सहभागी छन् । उनीहरुलाई शिवानी सिंह थारु, सरिता शाह, सम्पदा मल्ल, नविन सुब्बा, मुना गुरुङ, दीपक रौनियार, आन्विका गिरी र अविनाश विक्रम शाहले प्रशिक्षण दिइरहेका छन् । न्यूज कारखाना


## बलवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलवा, महोत्तरी
**मधेश प्रदेश, नेपाल**

## आशयपत्रसम्बन्धि सूचना

*सूचना प्रकाशित मिति : २०८०।०२।२६*

प्रस्तुत विषयमा यस न.पा.को मिति २०८०/०२/०७ गते प्रकाशित बलवा नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन Bal.mun/SQ/Goods/01/2079-80 र आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद Bal.mun/SQ/Goods/02/079-80 को बोलपत्र सम्बन्धि सूचना अनुसार देहायमा उल्लेखित सप्लायर्सहरुले देहायका योजना तथा कार्यक्रमका लागि कबोल गरेको देहाय अनुसारको करसहित कबोल रकम सबैभन्दा न्युनतम मूल्यांकित एवम् सारभूत रुपले प्रभावग्राही कायम भएको हुँदा सो सम्बंधमा सार्वजनिक खरीद ऐन २०६३ को नियम २७ को उपनियम ३ को प्रयोजनको लागी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | योजना/कार्यक्रमको विवरण | फर्मको नाम | कबोल रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | Bal.mun/SQ/Goods/01/2079-80 | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन | श्री आदित्य इन्टरनेशनल जनकपुरधाम-२, धनुषा | रु.१४५८००५.१० | कर सहित |
| २. | Bal.mun/SQ/Goods/02/079-80 | आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | श्री प्रमित फार्मेसी जनकपुर-१०, धनुषा | रु. २१०१२१८.२० | कर सहित |

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘गर्मीले तराईको जनजीवन कष्टकर भयो’

काठमाडौं, जेठ २५ गते ।
सांसदले तराईमधेसमा केही दिनयता चर्को गर्मीले जीवन कष्टकर भएको जनाउँदै आवश्यक राहतका लागि सरकारको ध्यानाकर्षण गराएको छ।
प्रतिनिधिसभाको बिहीवार बैठकको शून्य समयमा सांसद निर्मला कोइरालाले तराई-मधेसका जिल्लामा गर्मीका कारण लु चलेको र जीवन कष्टकर भएको अवस्थामा विद्युत् आपूर्ति नियमित नहुँदा जनजीवन झन कठिनाइ भएकाले विद्युत् नियमित आपूर्तिका लागि सरकारको ध्यनाकर्षण गराए ।
सांसद प्रदीप पौडेलले देशभर तापक्रम वृद्धि भएर ४४ डिग्री सेल्यिस पुगेको र जनजीवन कष्टकर भएको तथा कृषि क्षेत्रमा असर पुगेको अवस्थामा तत्कालीन र दीर्घकालीन सामाधानका आवश्यक उपायका बारेमा सरकारसँग माग गरे ।
सांसद नारायणी शर्माले दाङको सीमा नाका क्षेत्रका बासिन्दाका लागि खानेपानी शिक्षा स्वास्थ्यको व्यवस्था गर्न सरकारसँग माग गरे ।
सांसद निशा डाँगीले बागमतीका नाममा धेरै राजनीति भएको सरसफाइका नाममा करिब २२ अर्ब खर्च भइसकेको तर अझै प्रभावकारी काम नभएको भन्दै सरकारको ध्यानाकर्षण गराए ।
सांसद प्रतिक्षा तिवारीले बागमती अधिकार सम्पन्न समितिलाई बागमती सभ्यता सुधारका ०.५ प्रतिशत कर रकम उठाइँदै आएको करिब सात अर्बभन्दा बढी रकम जम्मा भइरहेको अवस्थामा त्यसको प्रभावकारी उपयोग गर्न आग्रह गरे । सांसद प्रभु साहले किसानका बालीनाली जंगली जनावरले नाश गर्ने गरेको अवस्थामा आवश्यक क्षतिपूर्ति नपाएको जनाउँदै सरकारको ध्यानाकर्षण गराए ।
सांसद प्रेम सुवालले मुलुकका ठूला जलविद्युत् आयोजना निर्माणको जिम्मा विदेशीलाई नदिइ नेपाल सरकार आफैँले बनाउनुपर्नेमा सरकारको ध्यानाकर्षण गराए। सांसद वसन्तकुमार नेम्वाङले मुलुभर गाईबस्तुमा महामारी रोग फैलिएको भन्दै रोग नियन्त्रण तथा समाधानका लागि सरकारको ध्यानाकर्षण गराए।
सांसद बीना देवीले रौतहटमा रहेको चिनी मिल बन्द भएको जनाउँदै शीघ्र सञ्चालनका लागि माग गरे ।
सांसद विनिता कठायतले पोर्चुगलमा रहेको नेपालीले नेपाली दूतावास स्थापनाको माग गरेको भन्दै सरकारको ध्यानाकर्षण गराए। रासस

# ‘राडार गन’ बन्यो...

वर्षमा २५ करोड पुऱ्याउने लक्ष्य छ।
मधेस प्रदेशमा अहिले दैनिक सवारी जरिवानाबापत करिब ९ लाख राजस्व सङ्कलन हुन्छ। अघिल्लो वर्ष सङ्कलन भएको राजस्वमा न्यूनतम १५ प्रतिशत बढाएर आउने वर्ष राजस्व उठाउनुपर्ने बाध्यात्मक व्यवस्था ट्राफिक प्रहरीलाई छ।
ट्राफिक प्रहरीका माध्यमबाट वार्षिक २२ देखि २५ करोड राजस्व सङ्कलन गरेर सङ्घीय सरकारलाई बुझाए पनि राजमार्ग बिग्रिएका राडार गन बनाउन भने सरकारले पाँच लाख खर्च गर्न आलटाल गरेको देखिन्छ।
‘सामान्य किसिमका तार फेर्नुपर्ने भए त हामी आन्तरिक स्रोतबाटै गर्थ्यौं तर बढी खर्च लाग्ने भएकाले हाम्रो क्षमताले भ्याउँदैन, प्रदेश सरकारलाई नै गुहार्नुपर्छ,’ भट्टराईले भने। राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाले मधेस प्रदेशका ८ जिल्लाको ६ हजार किलोमिटरभन्दा धेरै राजमार्ग क्षेत्र हेर्छ। त्यसका लागि ३०५ जना जनशक्तिले मात्रै रहेका छन्। ‘मधेस प्रदेशमा ट्राफिक प्रहरीले ६ हजार प्लस किलोमिटर मनिटरिङ गनुपर्ने सडकहरू छन् । त्यसमध्ये पनि पछिल्लो समयमा हुलाकी र भित्री सडकमा कालोपत्रे र ढलान भएका छन्, जसमा अधिकांश दुर्घटनाहरू भित्री मार्गमा भएको देखिन्छ।

**दुई वर्षमा १,०४८ जनाले ज्यान गुमाए**

ट्राफिक कार्यालय पथलैयाको गत वर्षको तथ्याङ्कअनुसार मधेस प्रदेशमा असार मसान्तसम्ममा पाँच हजार ७११ वटा सानाठुला सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा ५८५ जनाले अकालमा ज्यान गुमाए । यस्तै चालु आर्थिक वर्षको १० महिनामा चार हजार ९२९ वटा सवारी दुर्घटना भए । ती दुर्घटनामा ४६३ जनाले ज्यान गुमाएको राजमार्ग ट्राफिक व्यवस्थापन कार्यालयले जनाएको छ।
तीव्र गतिमा गुड्ने मोटरसाइकल र ट्याक्टरका कारण सबैभन्दा धेरै दुर्घटना भएका छन् । दुर्घटनामा परी ज्यान गुमाउनेमा सबैभन्दा धेरै यिनै सवारीसाधन चलाउनेहरू भएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।
यसैगरी पछिल्लो समय कालोपत्रे र ढलान भएका हुलाकी तथा भित्री सडक पनि उच्च जोखिममा रहेका छन् । ट्राफिक प्रहरीको उपस्थिति नभएका त्यस्ता भित्री सडकमा राति राजमार्गमा जथाभावी रोकेर राखेका ट्याक्टरका कारण पनि बढी दुर्घटना हुने गरेका छन् । ‘अघिल्लो वर्षको तुलनामा यो आर्थिक वर्षमा सवारी दुर्घटनामा मृत्यु हुने सङ्ख्या १० प्रतिशतले कम गराउने लक्ष्य राखेर हामी काम गरिरहेका छौं,’ प्रहरी उपरीक्षक भट्टराईले भने, ‘पछिल्लो तथ्याङ्क हेर्दा मोटरसाइकल दुर्घटनाबाट बढी मान्छेको ज्यान गएको छ ।’ पैदल यात्रीलाई ठक्कर दिएर, मोटरसाइकल चालक अनियन्त्रित भएर र क्षमताभन्दा बढी मानिस चढेका कारण पनि धेरैको मृत्यु भएको छ ।

# नक्साबारे भारतीय विदेशमन्त्रीको स्पष्टोक्ति

काठमाडौं, जेठ २५ गते ।
भारतीय विदेशमन्त्री एस जयशंकरले ‘अखण्ड भारत’ नक्साका विषयमा स्पष्ट पार्दै सो विषयका बारेमा छिमेकी मुलुकहरूले बुझिसकेका छन् भन्ने आफूलाई लागेको बताएको छ।
भारतको नवनिर्मित संसद् भवनमा राखिएको उक्त भित्ते नक्सामा नेपालको समेत केही भूभाग समेटिएको भन्दै नेपालमा समेत सो विषयमा कुरा उठिरहेका बेला उनले बिहीवार नयाँ दिल्लीमा सञ्चारकर्मीसँग कुरा गर्दै स्पष्ट पारेका हुन्।
उक्त नक्साका सम्बन्धमा यसअघि मन्त्रालयका प्रवक्ताले स्पष्ट पारिसकेको उल्लेख गर्दै विदेशमन्त्री जयशंकरले सो नक्साकै तल साइनबोर्डमा ऐतिहासिक अशोक साम्राज्यको नक्साका बारेमा वर्णन गरिएको समेत बताए ।
यो राजनीतिक विषय बन्न नहुने बताउँदै र छिमेकी मित्र मुलुकहरूले यो विषयका बारेमा बुझिसकेका छन् भन्ने आफूलाई लागेको उल्लेख गर्दै उनले छिमेकी मुलुकहरूलाई स्पष्टिकरण चाहियो भने पनि त्यो ठूलो कुरा नभएको धारणा व्यक्त गरे । रासस

# जुम्ली किसानलाई मार्सी धान रोपाइँको चटारो



जुम्ला, जेठ २५ गते ।
यहाँका किसानलाई यो याममा मार्सीधान रोपाइँको चटारो छ । किसानहरु बिहानदेखि रातिसम्म खेतमै व्यस्त हुन थालेका छन्। जेठको पहिलो सातादेखि असारको दोस्रो सातासम्म जिल्लाभर धान रोपाइँ हुने गरेको गुठिचौर गाउँपालिका स्थानीयवासी राज्यलक्ष्मी देवकोटाले जानकारी दिए। पछिल्लो समय मार्सी धानको चामलले बजार पाउन थालेपछि किसान मार्सी धान रोपाइँप्रति आकर्षित हुन थालेका छन्। जुम्लामा उत्पादन हुने मार्सी चामलको माग देशभर बढिरहेकाले पनि यसको खेति बर्सेनि बढेको कृषि विकास कार्यालय जुम्लाका निमित्त कार्यालय प्रमुख गणेश अधिकारीले बताए ।
जिल्लाका सात गाउँपालिका, एक नगरपालिकाको सिञ्जा चन्दननाथ क्षेत्र, तातोपानी, देपालगाउँ, गर्ज्याङकोट र विश्वकै उच्च स्थानमा धान फल्ने पातारासी गाउँपालिकाको छुमचौरमा काली र रातो मार्सी धाने रोपाइँ धमाधम भइरहेको छ । जिल्लामा दुई हजार आठ सय ५० हेक्टरमा धानखेती हुन्छ। सोमध्ये एक हजार दुई सय हेक्टरमा मार्सी धानको खेती हुने गरेको प्रमुख अधिकारीको भनाइ छ। गतवर्षको असोजमा आएको बाढीपहिरोका कारण सिञ्जा गाउँपालिकाका ४२ वटा धान रोपाइँ गर्ने कुलोमा क्षति पुगेको थियो ।
गाउँपालिकाको लगानी र स्थानीयको श्रमदानमा २८ वटा कुलो पुनःनिर्माण भई सञ्चालनमा आएपछि सिंजाका अधिकांश क्षेत्रमा धान रोपाइँ सुरु भएको सिञ्जा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मित्रलाल धितालले जानकारी दिए ।

**शेरा खेतमा रोपाइँ सम्पन्न**

जिल्लाको प्रसिद्ध धार्मिकस्थल चन्दननाथ भैरवनाथ मन्दिरको शेरा खेतमा कालीमार्सी धान रोपाइँ सम्पन्न गरिएको छ । परम्परागतरुपमा रोपिँदै आएको मार्सी धान उक्त शेरा खेतमा बुधबार रोपिएको हो । चन्दनाथ बाबाले भारतको काश्मिरबाट ल्याएर खेती सुरु गरिएको मार्सी धानलाई मन्दिरको शेरा खेतमा रोपाइँ गरेको चन्दननाथ भैरवनाथ गुठी व्यवस्थापन समितिका अध्यक्ष अमरबहादुर थापाले बताए ।
हरेक वर्षको जेठ १४ गते रोपाइँ हुँदै आएकोमा सो खेतमा योवर्ष बीउको अभावले रोपाइँ ढिलो भएको हो । गुठी व्यवस्थापन समितिका अध्यक्ष थापाले भने, “चन्दननाथ बाबाको शेरा जिउँलो परापूर्वकालदेखि नै मन्दिरमा अक्षता चढाउनका लागि मार्सी धान रोप्ने गरिन्छ ।” जिउलोमा रोप्दै गर्दा मागल गाउने, पञ्चेबाजा बजाउने गरेको अध्यक्ष थापाको भनाइ छ।
जुम्लाको धार्मिक इतिहाससँग जोडिएको शेरा जिउलोमा मार्सी धान रोपाइँ गर्दा अहिले विस्तारै मागल गाउने, पञ्चेबाजा बजाउने क्रियाकलाप हराउन थालेको यहाँका स्थानीयले गुनासो गर्न थालेका छन्। परम्परागत रुपमा रोपाइँ हुँदै आएको शेरा खेतमा यो वर्ष २२ भारी खेतमा रोपाइँ गरिएको छ । तातोपानी गाउँपालिकाको लिताकोट, लाम्रा, हाँकु र चन्दनाथ नगरपालिका-८ र ९ बाट बीउ ल्याएर रोपाइँ गरिएको चन्दननाथ भैरवनाथ गुठी व्यवस्थापन समितिले जनाएको छ। मन्दिरको शेरा खेतमा रोपाइँका लागि स्थानीय, चन्दननाथ माध्यमिक विद्यालयका विद्यार्थीलगायत नागरिक अगुवाको उपस्थिति थियो । समुद्री सतहदेखि दुई हजार आठ सय ५० मिटरको उचाइ रहेको छुमचौर जिउलोमा उत्पादन हुने मार्सी धान खेतीलाई संरक्षण गर्नेका लागि प्रदेश सरकारले प्रथामिकतामा राखेर काम गर्नपर्ने गाउँपालिका अध्यक्ष पुन्नसिंह बोहोराको भनाइ छ।
मार्सी धान संरक्षण गर्नेका लागि गाउँपालिकाले आगामी आर्थिक वर्षको बजेटमा आवश्यक रकम बिनियोजन गरिने गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले जानकारी दिए । सङ्घीय सरकारले आगामी आवको बजेटमा जुम्ली मार्सी धानको ब्राण्डिङ गर्ने उल्लेख गरेको छ। रासस


## विदेह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

तिनकौरिया, धनुषा
**मधेश प्रदेश, नेपाल**

## दरभाउपत्र आह्वान सम्बन्धि सूचना

*सूचना प्रकाशन मिति : २०८०/०२/२६*

यस कार्यालयवाट चालु आ.व. ०७९/८० मा तपशिलमा उल्लेखित खरिद कार्य ठेक्काबाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट ईजाजत पत्र प्राप्त योग्य सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दि दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१. दरभाउ पत्र फारम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिन भित्र यस कार्यालयको एन.आई.सि. एसिया बैंक, तिनकौरिया शाखामा रहेको खाता नं. D5CA052419752406 मा रु. १०००/- (रु. एक हजार, पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको सप्लायर्स ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
२. रितपुर्वक भरिएको दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। साथै सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा दरभाउपत्र खोलिनेछ, दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
३. दरभाउपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालको एन.आई.सि. एसिया बैंक, तिनकौरिया शाखामा रहेको धरौटी खाता नं. D5CA052419752403 मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा १२० दिन म्याद भएको सक्कल बिडबाण्ड (Bid Security) पेश गर्नु पर्ने छ ।
४. दरभाउपपत्रमा दररेट उल्लेख गर्दा Bill of Quantity को प्रत्येक Item को अंक र अक्षर दुवैमा स्पष्ट भर्नु पर्नेछ। केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
५. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ ।
६. दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, बोलपत्र दाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
७. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।
८. एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन ।
९. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन ।
१०. दरभाउपत्र आंशिक रुपमा वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
११. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार हुनेछ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई.रकम(भ्याट वाहेक) | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १ | BM/MW/SQ-05/2079-80 | दरभाउपत्र | नगरपालिका भित्र सोलार तथा भेपर लाईट मर्मत | १८३०९१५.०० | ६००००.०० |

**प्रमुख प्रशासकीय अधिकृत**

# आँखाको नानीमा नेपाल आत्मनिर्भर छः आँखा बैंक

काठमाडौं, जेठ २५ गते ।
आँखादान गर्नेको संख्या बढेसँगै आँखाको नानीमा नेपाल आत्मनिर्भर बनेको नेपाल आँखा बैंकले बताएको छ ।
आँखादानप्रतिको बढ्दो सकारात्मक सोचका कारण दाताको संख्या बढ्दै गएको बैंकका व्यवस्थापक शङ्खनारायण त्वायनाले बताए ।
बिहीबार भएको 'आँखादान तथा



सामूहिक श्रद्धाञ्जलीसभासम्बन्धी पत्रकार सम्मेलन' मा सञ्चारकर्मीसँगको अन्तरक्रियामा उनले भने, 'बैंकमा आँखाको नानी सुरुको अवस्थामा विदेशबाट झिकाइन्थ्यो भने अहिले आँखाको नानी देशभित्रबाटै सङ्कलन हुन्छ ।'
उनका अनुसार अहिले बैंकले देशभित्र अन्य अस्पतालमा समेत प्रत्यारोपणका लागि आँखाको नानी उपलब्ध गराउँदै आएको छ। नेपाल आँखा बैंकमा हालसम्म एक लाखभन्दा बढी दाताले मृत्युपर्यन्त आँखाको नानी दान गर्ने प्रण गरिसकेको र १२ हजारभन्दा बढीले आँखाको नानी दान प्राप्त गरी पुनः दृष्टि प्राप्त गरेको उनले जानकारी दिए ।

बैंकले सन् १९९४ मा दुई दाताबाट आँखाको नानी संकलन सुरु गरेको थियो। बैंकले हाल वार्षिक एक हजार ३०० दाताबाट आँखाको नानी सङ्कलन गर्दै आएको छ। सन् २०१८ मा एक हजार १७८ दाता र सन् २०२२ मा एक हजार ४३ दाताबाट आँखाको नानी सङ्कलन गरेर प्रत्यारोपण गरिएको छ ।
बैंकका निर्देशक डा. लिना बज्राचार्यले आँखादानप्रतिको बढ्दो सकारात्मक सोचका कारण दाताको संख्या बढेको बताइन् । उनले भनिन्, 'सुरुमा पशुपतिको आर्यघाटलगायत विभिन्न ठाउँमा गएर आँखादानसम्बन्धी मानिसमा जनचेतना जगायौं। अहिले मन्दिरदेखि अस्पतालसम्म दाताका आफन्तलाई 'काउन्सिलिङ' गरिरहेका छौं । आँखा दानप्रतिको सोचमा सकारात्मक परिवर्तन पाएका छौं।'
आँखादानसम्बन्धी सचेतना बढे पनि अन्धविश्वास चुनौती बनेको उनी बताउँछिन् । 'मृत्युपछि आँखाको नानी दान गर्नेको संख्या दोब्बरले बढेको छ। तर, कतिपय अझै पनि अन्धविश्वासका कारण दान गर्न हिचकिचाउँछन्। उनीहरूलाई हामी सक्दो काउन्सिलिङ गर्दै आएका छौं', उनले भनिन्।

नेपाल आँखा बैंकले सन् १९९४ देखि नै मृत्युपश्चात आँखाको नानी दान गर्ने दाताहरूबाट नानी सङ्कलन, परीक्षण र सञ्चयलगायत आवश्यक परेकालाई नानी उपलब्ध गराउने कार्य गर्दै आएको छ। बैंकले स्थानीय आँखा अस्पतालको समन्वयमा मेची, विराटनगर, लहान, हेटौंडा, भरतपुर, लुम्बिनी, पोखरा र कैलालीमा पनि क्षेत्रीय केन्द्रबाट आँखाको नानी सङ्कलन गरिरहेको छ ।
'अहिले यीसँगै आर्यघाट, विद्युतीय शवदाह गृहलगायत काठमाडौंमा रहेका चार वटा ठूला अस्पताल वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, गङ्गालाल मुटु अस्पताल र पाटन अस्पतालमा आँखा बैंकबाट खटाइएका परामर्शदाताबाट परामर्श तथा जानकारी दिने काम भइरहेको छ', बैंकका व्यवस्थापक त्वायनाले भने।
चिकित्सकका अनुसार आँखाको नानीमा संक्रमण भएर, चोट लागेर, जन्मजात फुलो परेर समयमै उपचार नपाउँदा, अशिक्षा, अज्ञानता र गरिबीको कारणले गर्दा र विभिन्न घरेलु तथा अन्य हानीकारक परम्परागत उपचारका कारण आँखाको नानी बिग्रने सम्भावना बढी हुन्छ ।
आँखाको नानीरोग विशेषज्ञ चिकित्सक डा. बन्दना खनालले नेपालमा दृष्टिविहीनको दोस्रो मुख्य कारण आँखाको नानी बिग्रिनु भएको बताइन् । उनले आँखाको नानीको प्रत्यारोपण गरी पुनः दृष्टि दिलाउन सकिने भन्दै आँखादानसम्बन्धी सचेतना बढाउनुपर्नेमा जोड दिइन्। रासस

# प्रजिअ रेग्मीद्वारा बालसुधार गृहको अनुगमन

पोखरिया, जेठ २५ गते ।
पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले वीरगञ्जको बालसुधार गृहको अनुगमन तथा निरीक्षण गरेका छन् ।
वीरगञ्ज महानगरपालिकामा रहेको मधेस प्रदेशको एक मात्र बालसुधार गृहमा विभिन्न कानूनी विवादमा परेर रहेका बालकले सास्ती खेप्नुपरेको भन्दै सरोकारवालाले प्रहरी

निरीक्षण गरेको हो । अनुगमन निरीक्षणका क्रममा शौचालय, सुत्ने कोठालगायत पर्याप्त संरचनाको अभावमा गर्मीमा बालबालिकाले झेल्नुपरेको समस्याबारे बालसुधार गृह कार्यालयका निमित्त प्रमुख कृष्ण साह गोढले अवगत गराएको थियो ।
बालसुधार गृहको क्षमता ५० जनाको हो तर त्यहाँ अहिले थुनुवा ९९ जना स्वदेशी र आठ जना विदेशी गरी

हुनुपर्नेमा वीरगञ्ज बालसुधार गृहमा रहेका बालकको हकमा भने बकपत्र र पेशीसमेत नहुँदा कारागार पठाउने उमेर पुगेका युवालाई राख्न परेका कारण झन् समस्या भएको छ । संरचनाको अभाव, कोठा साँगुरो, अपर्याप्त शौचालयलगायतको समस्या त छँदैछ ।"
प्रमुख जिल्ला अधिकारी रेग्मीले भने, "बालसुधार गृहमा भएको अभाव र




प्रशासनलाई एक कार्यक्रमका बीच ध्यानाकर्षण गराएपछि रेग्मीले बिहीवार अनुगमन तथा निरीक्षण गरेका हुन् ।
यसअघि विभिन्न कानूनी विवादमा परेर बालसुधार गृहमा रहेका बालबालिकाहरूको पनि मानव अधिकारको दृष्टिकोणले ख्याल गर्नुपर्ने भन्दै सरोकारवालाले प्रहरी प्रशासनलाई ध्यानाकर्षण गराएका थिए ।
प्रमुख जिल्ला अधिकारी रेग्मी, पर्साका प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीलगायतको टोलीले बिहीवार सुधार गृहको अनुगमन

एक सय सय आठ र कैदी १९ जना गरी कूल एक सय २८ जना छन् । बालसुधार गृहमा बस्ने बालकले कारागार नियमावलीले तोकेको सात सय ग्राम चामल र दैनिक ६० रुपियाँ पाउँदै आएको पनि गोढले बताए ।
बालसुधार गृहमा एक जना स्टाफ नर्स कार्यरत रहेको कार्यालयका निमित्त गोढले जानकारी दिए। उनले अनुगमनका क्रममा बालसुधार गृहमा एउटा कोठामा २० जनासम्म बालकलाई कोचिएर राख्नुपर्ने बाध्यता रहेको अवगत गराए ।
उनले भने, "बालबालिका सम्बन्धी मुद्दामा एक सय २० दिनमा फैसला

अपर्याप्त संरचनाको व्यवस्थापनका लागि सम्बन्धित स्थानीय निकाय वीरगञ्ज महानगरपालिकामा पहल गर्ने र सरकार समक्ष पनि समस्या राखिएको छ, समस्या समाधान गर्ने पहल तीव्ररूपमा भइरहेको छ ।"
एक का १८ धुरमा रहेको बालसुधार गृह संघीयता लागू हुनु अगावै नेपाल सरकारले बाल गृहका रूपमा सञ्चालन गरेको थियो । उक्त संरचना हाल पनि जस्ताको तस्तै छ । बाल गृहमा सबैभन्दा धेरै जबरजस्ती करणी, लागुऔषध र चोरी डाकाको आरोप लागेका बालक छन् । रासस




पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, **सम्पादकः सन्तकुमार क्षेत्री**